# समसामयिक राजनीतिका सन्दर्भमा
# आठ टिप्पणी

**एक-शान्ति र परिवर्तनका संवाहककहरुको सत्ता बहिर्गमन**

बैसट्टी/त्रिसट्टीको परिवर्तनका दुई मुख्य पक्षहरु तत्कालिन सात दलीय गठवन्धन र तत्कालिन नेकपा (माओवादी) हुन् । यी दुई शक्तिको सहमतीमा निरङ्कुश राजतन्त्रलाई निलम्बन गर्ने, अन्तरिम संविधान जारी गर्ने काम मात्रै हैन;संविधानसभाको निर्वाचन सम्पन्न गर्ने जस्ता दुरगामी महत्वका निर्णय समेत भए । डा. बाबुराम भट्टराईको नेतृत्वमा नयाँ गठबन्धन सरकार निर्माण भएपछि अहिले शान्ति र परिवर्तनको वाहक एवं विस्तृत शान्ति सम्झौता ताकाको “राज्य”लाई प्रतिनिधित्व गर्ने पक्ष सत्ताबाट बाहिरिने अवस्था सिर्जना भएको छ ।सत्ता तथा शान्ति प्रकृयाको नेतृत्वमाबहुदलीय शासनकाल तथा अन्तरिमकालमा राज्यसंग विद्रोह गर्ने शक्ति पुगेकोछ । सत्ताका साझेदार समेत संविधानसभाको निर्वाचन ताका वा त्यसको लगत्तै जन्मिएका तराई/मधेस आधारित दलहरु बन्न पुगेका छन् ।

**दुई-दलहरु टुङ्गोमा नपुगेको आधारभुत बहस**

नेपालका राजनीतिक शक्तिहरुबीच“परिवर्तन”को मूख्य आधार दुई प्रकारका दावी/प्रतिदावीहरु रहेका छन् । नेकपा (एमाले) लगायतका मूलधारका राजनीतिक शक्तिहरु ०६२/६३ को परिवर्तनको आधार मूलत: १९ दिने शसक्त जनआन्दोलनलाई मान्दछन् । एकीकृत माओवादी भने उसले सञ्चालन गरेको १ दशक लामो हिंसात्मक द्वन्द्वलाई परिर्वतनको मूल आधार मान्छ । परिवर्तनको आधार ‘शान्तिपूर्ण जनदबाब की हिंसात्मक अभियान’ भन्नेमा रहेको विवादले आगामि दिनमा पनि ‘परिवर्तनको बाटो कुन हो’ भन्नेमा अन्यौल सिर्जना गरिरहेको छ । यसको एउटा चाखलाग्दो उदाहरण माओवादीमा विद्यमान ‘शान्ति की बिद्रोह’लाई लिन सकिन्छ । माओवादीको एउटा पक्षले अझै पनि ‘विद्रोह’ “शसस्त्र युद्ध” र “राज्यसत्ता कव्जा” जस्ता विवादित विषय उठाइ रहनुलाई यसप्रसङ्गमा उललेख गर्न सकिन्छ । ।

**तीन-आफ्नै स्कूलिङ्गका कारण प्रताडित दलहरु**

नेपालका प्रमुख दलहरु अहिले ‘आफ्नै स्कूलिङ्ग’बाट प्रताडित छन् । वर्षौदेखि दलहरुले ‘सत्ताको विरोध’लाई आफ्नो अभियानको ‘टुल्स’ बनाए । उनीहरुले “अधिकारको माग”लाई आफ्नो अजेण्डाका रुपमा जनताका सामु पस्किए । अहिले जसलाई निषेध गर्न खोजेको हो त्यो पक्ष शक्तिको केन्द्रबाट बढारिई सकेको छ । घुमाई फिराई यिनै प्रमुख दलहरु सत्ताको वागडोर सम्हाल्ने ठाँउमा पुगेका छन् र आफूले “पुरा गर” भनेर लगाएको नारा पुरा गर्नुपर्ने कर्ताको भूमिकामा फेरिएका छन् ।यस्तो अवस्थामा के गर्ने?उनिहरु रचनात्मक भूमिका पहिचान गर्न सकिरहेका छैनन् । दलहरुको वोली हिजो कै स्कूलिङ्ग जस्तो र जिम्मेवारी हिजोका शासकहरुको जस्तो हुन पुगेकोले उनीहरुमा डरलाग्दो विरोधाभाष र अलमल देखिएको छ ।

**चार-आफ्नो शक्तिको स्रोतमा भ्रमित एकीकृत माओवादी**

एकीकृत नेकपा माओवादीले आफ्नो शक्ति आर्जनको आधार ‘लडाकू समूहको स्थापना’ र ‘उनीहरु मार्फत चलाइएको जोरजवरजस्ति’लाई ठानेको छ । लडाकूहरुको सम्भावित ‘समायोजन, पुनस्थापना वा स्वेच्छिक अवकास’बाट अहिलेको शक्ति स्वात्तै घट्ने हो की भन्ने द्विविधायुक्त मानसिकतामा यो दल देखिन्छ । शान्ति प्रकृयामा देखिएको ‘वहानावाजी र आलटाल’ले यही कुराको संकेत गर्दछ । एकातिर शान्ति र संविधानको “भजन, किर्तन” जारी राख्ने अर्कातिर भने

अपेक्षित “शान्ति प्रकृया” सम्पन्न भएमा पार्टी कमजोर हुने संभावित आशङ्कामा यो दल भयभित देखिएको छ ।

**पाँच-दलहरुप्रतिको‘मानक’मा भ्रमित ‘सचेत’ जनसमूह**

अहिले नेपालका सचेत जनसमूह पनि दलहरु कस्तो हुनुपर्ने भन्ने विषयमा भ्रमित छन् । ‘लोकतान्त्रिक र वामपन्थी’ नेपाली राजनीतिका दुई पक्ष हुन् । ‘लोकतान्त्रिक’ हुनुको अर्थ ‘काँग्रेस वा काँग्रेस जस्तै हुनुपर्ने’ उनीहरु ठान्छन् । चुनावमा भाग लिनु, आ-आफ्ना गुट चलाउनु, लोकतन्त्रका आधारभुत पक्षको ‘गफगाफ’ गर्नु र ‘यथास्थितिको भजन-किर्तन गर्नु’ भनेको ‘लोकतान्त्रिक’ हुनु हो भने जस्तो धारणा उनीहरु राख्छन् । अर्कातिर “वामपन्थी” हुनुको अर्थ ‘माओवादी वा माओवादी जस्तै’ हुनुपर्ने आग्रह उनीहरु राख्छन् । परिवर्तनको ‘जयगान गर्नु’ तर लोकतन्त्रको मूल्य/मान्यतालाई कम आँक्नु, वाञ्छित/अवाञ्छित तरीकाबाट आफ्नो वर्चश्व स्थापित गर्नु, हिंसाको प्रयोगबाट सिर्जना हुने भयको साम्राज्यले परिवर्तन सहज हुन्छ भन्ने मान्यता राख्नु भनेको वामपन्थी वा चलनचल्तीको भाषामा कम्युनिष्ट हुनु हो भन्दै उनीहरु बहस गर्छन् । लोकतान्त्रिक वा वामपन्थी हुन, दलहरु ‘कि काँग्रेस जस्तो, कि त माओवादी जस्तो’हुनुपर्छ समेत भन्न उनीहरु पछि पर्दैनन् ।

तर हाम्रा ‘जनमत-सिर्जनाकारहरु’ले बिर्सिएको तथ्य हो- काँग्रेसले अङ्गिकार गरेको ‘प्रजातान्त्रिक मोडल’ ०४६ को परिवर्तनपछिको एक दशक पनि नबित्दै असफल हुन पुगेकोले माओवादी हिंसाले मौलाउने मौका पायो ।र, माओवादीले सञ्चालन गरेको “क्रान्तिकारी मोडल” २०५२-०६२ को ‘गञ्जागोल’पछि असफल भएकोलेविस्तृत शान्ति संझौता संभव हुन सक्यो । तसर्थ यी दुई पार्टीले अङ्गिकार गरेको बाटो एकाङ्गी मात्रै हो । ‘लोकतन्त्रको जग र परिवर्तनको अजेण्डा’ दुवै पक्षलाई एकै साथ अङ्गिकार गर्ने दल नै यी दुई ‘मानक’ वीचको साझा तथा मूल बाटो हो, जसको नेतृत्व नेकपा (एमाले) ले गरिरहेको छ ।

यो तथ्यलाई नबुझ्दा एमालेलाई ‘कहिले काँग्रेस जस्तो, कहिले माओवादी जस्तो’, ‘जता मल्को, उतै ढल्क्यो’ जस्तो “अवसरवादी” राजनीति गरेको आरोप लाग्ने गरेको हो । एमाले, एमाले हो- न यो काँग्रेसले जस्तो ‘लोकतन्त्र’को जप गर्दै यथास्थितिमा रम्न सक्छ; क्रान्तिकारिताको नाममा न यो माअेवादी जस्तो एकदलीय गैर-लोकतान्त्रिक बन्न सक्छ ।परिवर्तनकोलागि न एमाले ‘गान्धिको अनसनकारी बाटो’मा भुल्न सक्छ, न त माओवादीको जस्तो हिंसात्मक अभियान अङ्गाल्न सक्छ । ‘काँग्रेस जस्तो मासपार्टी वा माओवादी जस्तो सैन्यवादी/क्याडर पार्टी’ एमालेको पार्टी संगठनको मोडल हुन सक्दैन । न तकाँग्रेसको जस्तो सभापतीय लोकतन्त्र वा माओवादीको जस्तो ‘नेता समूह’ले अड्कलेर दिने ‘जनवाद’ एमालेले अङ्गाल्ने ‘आन्तरिक लोकतन्त्र’को हुनसक्छ । त्यसैले एमालेले ‘शसक्त जनदवाव परिवर्तनको बाटो, जनआधारित कार्यकर्ता पार्टी संगठनको स्वरुप, प्रत्यक्ष निर्वाचित कमिटी र सामुहिक निर्णय प्रणालीमा आधारित आन्तरिक लोकतन्त्रको पक्षपोषण गर्छ । त्यसैले ०४७ को संविधान जारी हुँदा अघि सारिएको आलोचनाका २७ बुँदा होस् वा हाल चर्चा गरिने ‘ऱ्याडिकल डेमोक्रेसी’ राजनीतिक दलको नयाँ मानक स्थापित गर्ने एमालेको सिर्जनात्मक प्रयत्न भन्ने बुझ्नु पर्दछ ।

**छ-माओवादीको रुपान्तरणमा अन्य दलहरुको भूमिका**

उग्रवामपक्षीय स्कूलिङ्गबाट हुर्किएको एकीकृत माओवादीलाई रुपान्तरित हुन सबैले सहयोग गर्नुपर्छ । यसवीचमा चारवटा प्रयोग भई सकेका छन् । पहिलो,नेकाँ सभापती

गिरिजाप्रसादले अङ्गालेको 'फकाउने र छुट दिने' नीति । जसबाट सहमति र शान्ति आर्जन हुन सकेन सकेन, एकीकृत माओवादीले मात्र शक्ति आर्जन गऱ्यो र स्वयं गिरिजाप्रसादलाई समेत किनारा लगाई दियो । दोस्रो, 'शंकाको लाभ दिने'एमालेको प्रयोग । प्रचण्ड नेतृत्वको सरकारमा एमाले सामेल भयो । तरयसले पनि सरकारको उटपटाङ काममा विराम लगाउँदै शान्ति प्रकृयालाई निस्कर्षमा पुऱ्याउने अपेक्षा त पुरा गरेन गरेन, आफ्नै अपरिपक्व गतिविधिका कारण स्वयं सरकारको पतन हुन पुग्यो । शान्ति प्रकृया अघि बढेन,उल्टो 'सबै शक्ति हरुवा- आफू मात्रै विश्व विजयी भएकाले माओवादीले जे चाह्यो त्यही मात्र हुन्छ' भन्ने दम्भ माओवादीमा जन्मियो। तेस्रो प्रयोग, माओवादी बाहेकका २२ दलको संयुक्त सरकार थियो । जसले 'अनुरोध नमाने एक्लिनु पर्ला नी!' भन्ने सन्देश माओवादीलाई दिने प्रयत्न गऱ्यो । 'पहिले अचेट्ने, डिलमा पुगेपछि भनेसाइज अनुरुपको स्पेस दिने' नीतिको प्रयोग यसमा अङ्गालियो ।

जतिसुकै अलोकप्रीय भए पनि एमाले वरिष्ट नेता माधव नेपाल नेतृत्वको यो सरकारले "अयोग्य लडाकू विदाई, शीवीर हस्तान्तरण, अनमिनको फिर्ति' जस्ता कामबाट एक हिसावले माओवादीलाई आफ्नो हैसियतको 'अनुभुति' गरादिइयो । माओवादीले 'आफू अनुकुल' भनी प्रचार गरेको एमाले अध्यक्ष झलनाथ खनाल नेतृत्वको माओवादी सहितको सरकारले पनि शान्ति प्रकृया र संविधान लेखनलाई किनारा लगाउन नसक्नुले यी तीन प्रयोगमा पछिल्लो नै तुलनात्मक रुपमा उपयुक्त देखिएको छ ।

**सात-शान्ति प्रकृयाका विवादित ५ विषयहरु**

सरकारको मुख्य कार्यभार भनेको शान्ति प्रकृयालई टुङ्ग्याउने, संविधानको एकीकृत मस्यौदा मंसीर १४ सम्ममा जारी गर्ने र कानून व्यवस्था कायम राख्नु हो । शान्ति प्रकृयासंग सम्बन्धित विषय मूलत: ४ वटा बुँदामा अल्झिएको छ, जहाँ प्रमुख तीन दल विच विवाद र असहमती छ । जसलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ-

| विषय | माओवादीको मत | नेकाँको मत | एमालेको मत | कैफियत |
|---|---|---|---|---|
| • समायोजन गर्ने **लडाकूको संख्या** | ७ देखि ८ हजार | ४ देखि ६ हजार | मोटामोटी ५ हजार | तीनवटै पार्टीहिरुले अरु कुरा मिलेमा संख्यामा लचकता अपनाउन सकिने बताएका छन् । तर एमाले र काँग्रेसले नेपाली सेना मातहतको विशेष निर्देशनालयमा तोकिएको भन्दा ज्यादा संख्या हुन नसक्ने बताएका छन्। |
| • समायोजनको **प्रकृया** | निर्देशनालयको मातहत रहने गरी समूहगत प्रवेश | निर्देशनालयको मातहत रहने गरी व्यक्तिगत प्रवेश | | निर्देशनालयको मातहत रहने सेनाको भूमिकाको वारेमा विवाद छ । **माओवादी** यसलाई आफ्नो नेतृत्वमा रहेको नियमित सेना जस्तै टुकडी हुनुपर्ने भनिरहेको छ । **एमाले र काँग्रेस**ले यसलाई लडाकूको छुट्टै फौज वा छुट्टै व्रिगेडको रुपमा लिन नहुने तर्क गरेका छन्। |
| • समायोजनको **मापदण्ड** | अन्तराष्ट्रिय मान्यता अनुरुपको मापदण्ड हुनुपर्ने | व्यवसायिक सेना (नेपाली सेना) मा आवस्यक पर्ने सबै मापदण्ड समायोजनमा जाने व्यक्तिहरुमा लागु हुनुपर्ने | | **माओवादीको** तर्क छ- यो समायोजन हो, भर्ना होइन' त्यसैले भर्नामा जस्तो उचाइ वा छाती नापेर समायोजन हुन्न; **एमाले** र **नेकाँ**को तर्क छ- सेनामा जाने लडाकूलाई, शैक्षिक योग्याता, बैवाहिक स्थिति, उमेर र |

| | | | | |
|---|---|---|---|---|
| | | | | शारिरिक तन्दुरुस्ती जस्ता विषयमा छुट दिन सकिन्छ । |
| ● लडाकूहरुको **दर्जा व्यवस्थापन** | दर्जा मिलान गर्नु पर्छ | दर्जा मिलान हैन दर्जा निर्धारण गरिने छ । | | **माओवादीहरु** पूर्व लडाकूहरुको युद्धकालिन दर्जालाई नेपाली सेनाको जर्नेलसम्मका विभिन्न तहमा मिलान गर्नु पर्ने तर्कमा छन्; **एमाले र काँग्रेस** भने मापदण्ड पुगेका लडाकूका कमाण्डरहरुको दर्जा निर्धारण गर्न सकिन्छ, स्वतः दर्जा मिलान गर्नु हुन्न भन्ने तर्कमा छन् । |
| ● पुनर्स्थापनाको **प्याकेज** | रु. ७-१० लाख | रु. ४.५-६.५ लाख | रु. ५-७ लाख | **एमाले र नेकाँ** जङ्गी, प्रहरी र निजामती सेवामा कार्यरत सरकारी कर्मचारीले सेवा निवृत्त हुँदा पाउने उपदान भन्दा ज्यादै धेरै रकम लडाकूहरुलाई क्षतिपूर्तीको रुपमा दिंदा भविष्यमा पर्न सक्ने नकारात्मक असरबारे सोच्नु पर्ने तर्कमा छन् । |

## आठ-संविधानसभा र विवादित विषय

संविधान लेखनको मामिलामा ३ मूल विषयमा अझै सहमती हुन बाँकी छ । पहिलो, **शासकीय स्वरुप**- संभवत फ्रेञ्च मोडेलमा सहमती जुट्ने अपेक्षामा दलहरु छन् । दोस्रो, **निर्वाचन प्रणाली**- संभवत अहिले कै मिश्रित प्रणालीमा सहमती हुने अपेक्षा गरिएको छ । र, तेस्रो **राज्यको पुनरसंरचना**- यो आजसम्म नखोलिएको विवादको पोको हो । यो 'पेटारो' जब खुल्छ, त्यसपछि दलहरु वीच तीव्र बहसको संभावना छ । तत्कालको लागि भने संविधानसभाबाट गठन गरिने विज्ञहरुको टोलीले सुझाए बमोजिम 'नामाङ्कन' र 'सिमाङकन'को विवाद सुल्झाउने अपेक्षा गरिएको छ ।

रचनात्मक ढङ्गले प्रस्तुत हुन सक्ने हो भने राज्य पुनसंरचनाको सैद्धान्तिक विषयमा भने सहमती भइसकेको छ । यसलाई '**पहिचान**' र '**सामर्थ्य**' कोसिद्धान्तका रुपमा व्याख्या गरिएको छ। **पहिचान**का पाँच बुँदाहरु- **जातिय/सामुदायगत, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता, र ऐतिहासिक निरन्तरता** छन् । '**सामर्थ्य**'का चार बुँदाहरुमा- **आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधार विकास र अवस्था, प्राकृतिक साधन र स्रोतको उपलव्धता र प्रशासनिक सुगमता** छन् ।

अहिलेको चुनौति भनेको मंसीर १४ पछि के गर्ने र कसरी राष्ट्रिय एकता कायम राख्ने भन्ने नै हो । शान्तिप्रकृया अघि बढ्ने ठोस प्रत्याभुति नभएसम्म संविधान लेखन कार्य अब अघि नबढ्ने निश्चित छ । यसको कारण के हो भने, अब दलहरु आ-आफ्नो अडान राख्ने चरण पारी गरी क-कस्ले के छोड्ने भन्ने चरणमा प्रवेश गरेका छन् । यसको अर्थ हो, अब कुन दलले कसको कुन कुन अजेण्डामा संझौता गर्ने भन्ने नै हो । "दिने र लिने" विषय शान्ति प्रकृयासंग पनि जोडिन्छ । माओवादीको लडाकू यसकारणले पनि यससका लागि संविधान निर्माणको मामिलामा "वार्गेनिङ्ग चिप्स" हुन पुगेको छ । यही कारणले राजनीतिक संक्रमणकालको अहिलेको चरण जटिल र रोमाञ्चक पनि बनिरहेको छ ।

- विष्णु रिमाल
  असोज २९, २०६८